# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

## अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१

अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० को दफा ९ मा संशोधनः** अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० (यसपछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"मूल निर्देशिका" भनिएको) को दफा ९ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) एक वर्षभन्दा कम कैद सजाय हुन सक्ने कसूर सम्बन्धी फौजदारी अभियोगमा मुद्दा दर्ता भई शुरु तहको अदालत वा अर्धन्यायिक निकायमा विचाराधीन रहेको,

तर त्यस्तो मुद्दा दर्ता भई अदालत वा अर्धन्यायिक निकायबाट पक्राउ पुर्जी जारी भई पक्राउ नपरेको प्रतिवादीको हकमा प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराइने छैन।"

३. **मूल निर्देशिकाको दफा ११ मा संशोधनः** मूल निर्देशिकाको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"**११. प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध नगराइनेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिलाई कुनै पनि माध्यमबाट प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराइने छैनः-

(क) कुनै फौजदारी अभियोगमा अदालत वा अर्धन्यायिक निकायबाट सजाय तोकिएकोमा त्यस्तो सजाय भुक्तान नगरेको व्यक्ति,

(ख) एक वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसूर सम्बन्धी फौजदारी अभियोगमा मुद्दा दर्ता भई शुरु तहको अदालत वा अर्धन्यायिक निकायमा त्यस्तो मुद्दा विचाराधीन रहेको व्यक्ति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै फौजदारी अभियोगमा मुद्दा दर्ता भई शुरु तहको अदालत वा अर्धन्यायिक निकायमा त्यस्तो मुद्दा विचाराधीन रहेको विदेशी नागरिक।"

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।